जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८
सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता
राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

❑ वर्ष-२१ ❑ अंक - ११६ ❑ २०८३ वैशाख १४ गते सोमबार ❑ Monday, 26 April 2026 ❑ मूल्य ७ /-



फर्मा, ईंटा र सुकुम्बासी

बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

(३)

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९

**आमा डेन्टल केयर प्रा. लि.**

दमक-६, थानारोड (प्रधान कार्यालय)
सम्पर्क नम्बर : 023-572643/9814912500
दमक–१, रबि स्टेन्ड गेट नजिक (शाखा कार्यालय)
सम्पर्क नम्बरः 023-577816





**हाम्रा उपलब्ध डाक्टरहरु**

| | |
|---|---|
| १. डा. प्रनेस श्रेष्ठ | (MDS- Orthodontist) |
| २. डा. सुस्मिता नेपाल | (BDS- Dental Surgeon) |
| ३. डा. मीरा आचार्य | (BDS- Dental Surgeon) |

नोट : हप्ताको सातै दिन दन्त उपचार सेवा उपलब्ध छ।

### अर्गानिकको नाममा ठगी : ९५% मल मापदण्डविपरीत

# ठगिँदै किसान, बिग्रदै माटो

पूर्वसन्देश समाचार

**विराटनगर/** कोशी प्रदेशको तराई क्षेत्रको कृषि प्रणाली प्रविधि र आधुनिकीकरणतर्फ उन्मुख भए पनि गम्भीर प्राकृतिक तथा नीतिगत संकटमा परेको तथ्याङ्कले देखाएको छ। सुनसरीको झुम्कास्थित चार प्रमुख सरकारी निकाय–बीउ बिजन प्रयोगशाला, माटो तथा मल परीक्षण प्रयोगशाला, बाली संरक्षण प्रयोगशाला र कृषि तालिम केन्द्रको चालु आर्थिक वर्षको नौ महिनाको विवरणले कृषि क्षेत्रमा गहिरिँदै गएको समस्या उजागर गरेको हो।

माटो तथा मल परीक्षण प्रयोगशालाले परीक्षण गरेका २ हजार २७४ नमुनामध्ये ५१ प्रतिशत माटो अत्यधिक अम्लीय पाइएको छ, जसले प्रदेशको आधाभन्दा बढी उब्जाउ जमिनले आफ्नो उर्वराशक्ति गुमाउँदै गएको संकेत गर्छ। प्राविधिकहरूका अनुसार असन्तुलित रासायनिक मलको प्रयोग, प्राङ्गारिक पदार्थको अभाव र एउटै बाली लगाइरहने प्रवृत्तिले माटोको गुणस्तर खस्किएको हो। यसले उत्पादनमा प्रत्यक्ष असर पारिरहेको छ।

यसैबीच अर्गानिक मलको नाममा बजारमा भइरहेको ठगी पनि गम्भीर समस्याका रूपमा देखिएको छ। परीक्षण गरिएका ५८ वटा प्राङ्गारिक मलमध्ये ९५ प्रतिशत नमुना मापदण्डविपरीत पाइएको छ। किसानले महँगो मूल्य तिरेर किनेका मलमा आवश्यक पोषक तत्व न्यून रहेको पाइएको छ। यता रासायनिक मल भने मापदण्डअनुसार रहेको प्रयोगशालाले जनाएको छ। बीउको गुणस्तरमा पनि समस्या देखिएको छ। बीउ बिजन प्रयोगशालाले परीक्षण गरेका ७५० नमुनामध्ये करिब १२ प्रतिशत न्यून गुणस्तरका पाइएको छ। विशेषगरी धान, मकै र तोरीको बीउमा समस्या देखिएको छ। बजारमा गुणस्तरहीन बीउ बिक्री भइरहे पनि प्रभावकारी कारबाही नहुँदा किसान बर्सेनि ठगिने अवस्था कायमै छ।

बाली संरक्षण प्रयोगशालाले सुनसरी, मोरङ, उदयपुर र इलामका २६ वटा विषादी पसलमा गरेको अनुगमनमा म्याद नाघेका विषादी फेला परेका छन्। यस्ता विषादीले बाली मात्र होइन, माटो र मानव स्वास्थ्यमा समेत गम्भीर असर पार्ने चेतावनी प्राविधिकहरूले दिएका छन्।

यद्यपि, प्रयोगशालाहरूले सुधारका प्रयास पनि थालेका छन्। झुम्कामै जैविक विषादी 'ट्राइकोडर्मा' उत्पादन गरी नौ महिनामा १ हजार ५०० केजी वितरण गरिएको छ। माटो र बीउ परीक्षणको रिपोर्ट डिजिटल माध्यमबाट उपलब्ध गराउन थालिएको छ भने 'सोइल हेल्थ कार्ड' वितरण गरी किसानलाई माटोको अवस्थाबारे जानकारी दिन थालिएको छ।

तर, जनशक्ति र पूर्वाधार अभावले सेवा विस्तारमा बाधा पुऱ्याएको छ। माटो प्रयोगशालामा ७५ प्रतिशत र बीउ प्रयोगशालामा ६३ प्रतिशत मात्र दरबन्दी पूर्ति भएको छ भने उपकरण मर्मतका लागि दक्ष जनशक्तिको अभाव रहेको छ। यस अवधिमा चारवटै कार्यालयबाट ४ हजारभन्दा बढी किसान लाभान्वित बाँकी 8 पेजमा ▸▸

# झापामा कांग्रेसको जरा अभियान तीव्र

**बिर्तामोड/** नेपाली कांग्रेसको 'जरा अभियान' अन्तर्गत झापामा क्रियाशील सदस्यता अद्यावधिक तथा प्रविधिमैत्री अभिमुखीकरण कार्यक्रम तीव्र गतिमा अघि बढाइएको छ। पार्टीको नीति, सिद्धान्त र संगठनलाई तल्लो तहदेखि सुदृढ बनाउने उद्देश्यसहित गत वैशाख १ गतेदेखि सुरु गरिएको अभियानअन्तर्गत पाँचवटा क्षेत्रमध्ये चार क्षेत्रमा कार्यक्रम सम्पन्न भइसकेको छ भने क्षेत्र नं-५ मा सोमबार अभिमुखीकरण हुने तयारी छ।

झापा क्षेत्र नं-१ मा सम्पन्न कार्यक्रममा केन्द्रीय प्रतिनिधि बसन्त भट्टराईले क्रियाशील सदस्यता वितरणलाई व्यवस्थित र पारदर्शी बनाउँदै अनुशासित कार्यकर्ताको पहिचान गर्न अभियान सुरु गरिएको बताए। उनले वडा तहबाटै डिजिटल प्रणालीमार्फत सदस्यता अद्यावधिक गर्दा पार्टी संगठन अझ प्रभावकारी हुने विश्वास व्यक्त गरे।

क्षेत्र नं-२ मा केन्द्रीय प्रतिनिधि रुद्रबहादुर कन्दङ्वाको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा डिजिटल प्रविधिबाट सदस्यता अद्यावधिक गर्ने तयारी पूरा भएको जानकारी दिइयो। यहाँ आगामी वैशाख १९ देखि २५ गतेसम्म वडा तहमा अद्यावधिक कार्य सञ्चालन हुने भएको छ।

त्यसैगरी क्षेत्र नं-३ मा सम्पन्न कार्यक्रममा पनि प्राविधिक पक्षबारे सहजीकरण गर्दै डिजिटल बाँकी 8 पेजमा ▸▸

# महिना दिनमा ६१ हजार बाहिरिए

**दमक/** एक महिनाको अवधिमा कुल ६१ हजार ८१९ जना नेपालीले वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति लिएका छन्। यो संख्यामा २० हजार ५४५ जना नयाँ श्रम स्वीकृति लिने युवाहरू रहेका छन् भने ४१ हजार २७४ जना पुन: श्रम स्वीकृति लिएर पुरानै गन्तव्यमा फर्किएका हुन्। वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको चैत महिनाको पछिल्लो तथ्याङ्क अनुसार यसरी विदेशिने कुल नेपालीहरूमा महिलाको संख्या ६ हजार १०७ रहेको छ। माघ र फागुन महिनामा पनि वैदेशिक रोजगारीमा जानेको संख्या औसतमा ५० देखि ६० हजारकै हाराहारीमा रहेकाले युवा पलायनको यो दर चिन्ताजनक रूपमा स्थिर देखिएको छ।

पछिल्लो समय नेपाली युवाहरूको सबैभन्दा आकर्षक गन्तव्य मलेसिया देखिएको छ, जहाँ एक महिनामा १८ हजार ६४९ जना पुगेका छन्। त्यसैगरी संयुक्त अरब इमिरेट्समा ११ हजार ४६३, कतारमा ८ हजार ९५९ र साउदी अरबमा ८ हजार ९२० जनाले श्रम स्वीकृति लिएका छन्। युरोपेली बाँकी 8 पेजमा ▸▸

## कांग्रेस नेता केसी दलको नेतामा नलड्ने

**दमक/** नेपाली कांग्रेसका नेता अर्जुननरसिंह केसीले संसदीय दलको नेतामा आफू निर्वाचन नलड्ने बताएका छन्। उनले सहमतिमा नेता बनाउने भए वरिष्ठ र अनुभवका आधारमा दाबी राखेको तर, निर्वाचन भने नलड्ने बताए।

'म संसदीय दलको नेतामा निर्वाचन लड्दिन। म सांसद भएर आएपछि नै भन्दै आएको छु,' केसीले भने, 'मेरा कारणले दलको नेता चयन गर्न ढिलाइ भएको भनेर बाहिर ल्याउने काम भइरहेको छ। त्यो होइन। यस विषयमा मैले नेतृत्वलाई पहिला देखिनै भन्दै आएको छु।' उनले दलको नेतामा सहमति गर्दा निश्चित मापदण्ड बनाएर गर्न पनि नेतृत्वलाई आग्रह गरे।

## क्रिकेट मैदान खाली गर्न ३५ दिनको अल्टिमेटम

**दमक/** त्रिभुवन विश्वविद्यालयले आफ्नो परिसरभित्र रहेको क्रिकेट रंगशाला खाली गर्न ३५ दिनको अल्टिमेटम दिएको छ। अतिक्रमित जग्गा फिर्ता ल्याउने अभियानअन्तर्गत गत ४ वैशाखमा जारी सूचनाअनुसार सम्बन्धित सबै निकायलाई पत्राचार गरिएको हो।

यस क्रममा नेपाल क्रिकेट संघ (क्यान) लाई पनि क्रिकेट मैदान खाली गर्न पत्र पठाइएको विश्वविद्यालय प्रशासनले जनाएको छ। त्रिवि र क्यानबीचको सम्झौता यही वैशाख मसान्तमा सकिने भएकाले पुन: सम्झौता नगर्ने तयारी गरिएको बताइएको छ।

विश्वविद्यालयका पदाधिकारीका अनुसार लामो समयसम्म खेलकुद गतिविधिका कारण अध्ययन-अनुसन्धान प्रभावित भएको भन्दै यसपटक सम्झौता नवीकरण नगर्ने संकेत गरिएको छ। ३५ दिनभित्र सबै अतिक्रमित संरचना हटाउन त्रिविले निर्देशन दिएको छ।

## ह्याक प्रकरणमा थप दुई पक्राउ

**दमक/** सार्वजनिक खरिदसम्बन्धी ई-जीपी प्रणाली ह्याक प्रकरणमा केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले थप दुई अभियुक्तलाई पक्राउ गरेको छ।

प्रहरीका अनुसार विद्युतिय कारोबार ऐन, २०६३ अन्तर्गतको कसूरमा ३० वर्षीय स्वदेश पोखरेल र ४५ वर्षीय प्रकाश ढुंगानालाई पक्राउ गरिएको हो। पोखरेललाई काठमाडौं महानगरपालिका-३२ पेप्सीकोला क्षेत्रबाट र ढुंगानालाई बालाजुबाट नियन्त्रणमा लिइएको सीआईबीका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक शिवकुमार श्रेष्ठले जानकारी दिएका छन्।

अनुसन्धानका क्रममा सार्वजनिक खरिद अनुगमन कार्यालयको बाँकी 8 पेजमा ▸▸

## विपद्का घटनाबाट २७ जिल्लाका ५२७ परिवार प्रभावित

**दमक/** वैशाख महिना सुरू भएसँगै देशभर विपद्जन्य घटनामा उल्लेख्य वृद्धि देखिएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण का अनुसार वैशाख १ देखि १२ गतेसम्म मात्र देशभर ४२२ वटा विपद्का घटना भएका छन्, जसमा परेर २३ जनाको ज्यान गएको छ भने ७३ जना घाइते भएका छन्। यस अवधिमा ५२७ परिवार प्रत्यक्ष रूपमा प्रभावित भएका छन् भने २७ जिल्ला विपद्का कारण प्रभावित बनेका छन्।

प्राधिकरणकी प्रवक्ता शान्ति महत का अनुसार सबैभन्दा धेरै २१७ वटा आगलागीका घटना भएका छन्, जसबाट मात्रै सात जनाको मृत्यु भएको छ। त्यस्तै वन डढेलोका ११४, हुरीबतासका २९, चट्याङका १४, सर्पदंशका २० र जनावरको आक्रमणका १६ वटा घटना भएका छन्। यसैगरी लेक लागेर तीन, डुङ्गा पल्टिँदा एक तथा पहिरो, बाढी, भारी वर्षा र असिनाका समान दुई-दुईवटा घटना भएका छन्।

विपद्का कारण ज्यान गुमाउनेमध्ये आगलागीपछि चट्याङ र हावाहुरी प्रमुख रहेका छन्, जसबाट चार-चार जनाको मृत्यु भएको छ। त्यसैगरी लेक लागेर दुई, डुङ्गा पल्टिँदा दुई तथा वन डढेलो, सर्पदंश, जनावरको आक्रमण र पहिरोबाट एक-एक जनाको ज्यान गएको छ। घाइते हुनेमा पनि बाँकी 8 पेजमा ▸▸

## मूल्यवृद्धिले कोशीका विकास आयोजना ठप्प

**विराटनगर/** पेट्रोलियम पदार्थ र निर्माण सामग्रीको अत्यधिक मूल्यवृद्धिका कारण कोशी प्रदेशका विकास आयोजना प्रभावित भई अधिकांश काम ठप्प भएका छन्। निर्माण लागत अस्वाभाविक रूपमा बढेपछि निर्माण व्यवसायी महासंघ कोशी प्रदेशले आइतबार पत्रकार सम्मेलन गर्दै काम अघि बढाउन नसकिने जनाएको छ।

महासंघका अनुसार अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य बढेसँगै निर्माण सामग्रीको मूल्यसमेत दोब्बरसम्म वृद्धि भएको छ। यसले गर्दा पूर्वाधार आयोजनाहरु समयमै सम्पन्न गर्न असम्भवजस्तै भएको व्यवसायीहरूको भनाइ छ। उनीहरूले 'मूल्य समायोजन मार्गनिर्देशिका-२' तत्काल जारी गर्न र सबै ठेक्कामा मूल्य समायोजन लागू गर्न सरकारसँग माग गरेका छन्।

महासंघका प्रदेश अध्यक्ष जनसेवक भण्डारीले इन्धन र सामग्रीको मूल्यवृद्धिले निर्माण क्षेत्रमा 'सुनामी' ल्याएको बताए। बिटुमिन र डिजेलको अभावका कारण सडक कालोपत्रे जस्ता मुख्य काम नै रोकिएको छ। पूर्वका ठूला आयोजनामा समेत यसको असर देखिएको छ। काँकडभिट्टा–सीतापुरी सडक खण्डमा काम गरिरहेको निर्माण कम्पनीले सामग्री

अभाव र मूल्यवृद्धिका कारण काम रोक्नुपरेको जनाएको छ।

## हिमालयन बैंक लिमिटेडको धितोमा रहेको चल अचल सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५ दिने सूचना

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट विभिन्न कर्जा शिर्षक अन्तर्गत लिनुभएको ऋणको यस बैंकसंग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने, साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दैदस्तुर आदि चुक्ता भूक्तान गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गरिएको एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी विभिन्न मितिमा राष्ट्रिय दैनिकमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋण चुक्ता गर्न आउन सुचित गर्दा समेत ऋण चुक्ता गर्न नआउनु भएकोले, बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरुलाई बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपुर्वक भरी बोलपत्रमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (१५) दिनभित्र बैंकको तपसिलमा उल्लेखित स्थानमा प्राप्त हुने गरी गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिन्छ। साथै ऋणी, ऋणी कम्पनी, सोका संचालक, व्यक्तिगत जमानतकर्ता तथा संस्थागत जमानीकर्ता एवम सम्बद्ध सबैलाई धितो दिएको सम्पत्ति लिलाम बिक्री हुने व्योहोरा यसै सूचनाद्वारा सुचित गरिन्छ। प्रकाशित सूचनाको म्यादभित्र ऋणी, ऋणी, फर्म, कम्पनी, सोका प्रोप्राइटर, संचालक, व्यक्तिगत तथा संस्थागत जमानतकर्ताले ऋण चुक्ता गर्न नआए धितो लिलामीको प्रक्रिया अगाडि बढाइनेछ। बोलपत्र खोलिने दिन ऋणी बोलपत्रदाता उपस्थित नभए पनि बोलपत्र खोली धितो लिलाम बिकिको प्रकृया अगाडि बढाउन कुनै बाधा पर्ने छैन। साथै बोलपत्र प्राप्त भई वा नभई धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानुनको अधिनमा रही बैंकले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पत्ति लिलाम भई वा नभई वा गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार भई वा नभई बैंकको लेना रकम असुल उपर हुन नसके बाँकी रहेको रकम बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ तथा अन्य प्रचलित नेपाल कानुन बमोजिम असुलीको कारबाही अगाडी बढाउने व्यहोरा समेत पूर्वजानकारीको लागि सुचित गरिन्छ।

तपशील

**शाखा कार्यालयः दमक २ शाखा, झापा**

| | |
|---|---|
| १. दल बहादूर अधिकारीको नाति डम्बर बहादुर अधिकारीको छोरा झापा जिल्ला दमक न.पा. वडा नं. ९ बस्ने **रुद्रमणी अधिकारी (ऋणी)**<br>व्यक्तिगत जमानी दिने: **साहिल अधिकारी, डिक मणि अधिकारी, सविता कार्की** | **ऋणी रुद्रमणि अधिकारीको** नाममा दर्ता कायम रहेको झापा जिल्ला दमक न.पा. वडा नं. १४ (हाल दमक न.पा. वडा नं. ९) सिट नं. १७९००१५१४ स्थित कित्ता नं. ३१ को क्षेत्रफल १०४.५० र कित्ता नं. ३२ को क्षेत्रफल १२६.१० जग्गा र घर समेत। |
| २. डम्बर बहादुर अधिकारीको बुहारी हरी बहादुर कार्कीको छोरी रुद्रमणी अधिकारीको पत्नी झापा जिल्ला दमक न.पा. वडा नं. १३ (हाल दमक न.पा. वडा नं. ८) बस्ने **सविता कार्की (ऋणी)**<br>व्यक्तिगत जमानी दिने: **साहिल अधिकारी, डिक मणि अधिकारी र रुद्रमणी अधिकारी** | दल बहादूर अधिकारीको नाति डम्बर बहादुर अधिकारीको छोरा झापा जिल्ला दमक न.पा. वडा नं. ९ बस्ने **रुद्रमणी अधिकारीको** नाममा दर्ता कायम रहेको झापा जिल्ला दमक न.पा. वडा नं. १४ (हाल दमक न.पा. वडा नं. ९) सिट नं. १७९/००५५ स्थित कित्ता नं. १६३ र ३८७ को क्षेत्रफल क्रमश: ४२४.०० र १७३.०० वर्ग मिटर जग्गा समेत।<br>**माथि उल्लेखित धितो ऋणी द ब्युटी बज मेकअप स्टुडियो र ऋणी रनभुमी फुटसलले उपभोग गरेको कर्जा समेतलाई धितो सुरक्षणमा रहेको छ।** |

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

हिमालयन बैंक लि. केन्द्रीय कार्यालय
कर्जा असुली विभाग, कमलादी, काठमाडौं
फोन नं. ०१-४१६९१५०, पो.ब.नं. २०५९० काठमाडौं

# सम्पादकीय

## सम्मानको संस्कारले जीवित राखेको साहित्यिक चेतना

झापा जिल्लाको दमकमा आयोजित साहित्य कला संगम दमकको 'पुरस्कार अर्पण समारोह' केवल एक कार्यक्रम मात्र होइन, यो नेपाली साहित्यिक संस्कृतिको जीवित धरोहरलाई निरन्तरता दिने एउटा सशक्त अभ्यास हो । स्रष्टालाई सम्मान गर्ने परम्परा कुनै औपचारिकता होइन–यो समाजले आफ्ना बौद्धिक र सिर्जनशील शक्ति प्रतिको कदर हो, जसले सभ्य समाज निर्माणको आधार तयार गर्छ ।

आजको समय प्रविधि, व्यावसायिकता र तीव्र गतिमा बदलिँदो जीवनशैलीले साहित्यलाई केही हदसम्म ओझेलमा पार्ने खतरा देखिएको छ। यस्तो अवस्थामा दमकजस्तो सहरबाट साहित्यिक गतिविधि र सम्मानका यस्ता भव्य कार्यक्रम आयोजना हुनु आफैंमा सकारात्मक संकेत हो। यसले साहित्य केवल पुस्तकभित्र सीमित विषय नभई सामाजिक चेतना र सांस्कृतिक पहिचानको आधार हो भन्ने सन्देश दिन्छ ।

यस कार्यक्रममा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका स्रष्टाहरु–मोहन सुवेदी, भीम खतिवडा, वासुदेव पाण्डे, खेम नेपाली, राजेन्द्र संग्रौला, वीरेन्द्र थोक्लिहाङ, गोपाल प्रसाद भण्डारी लगायतलाई सम्मान गरिनु केवल व्यक्तिको सम्मान मात्र होइन, सम्पूर्ण नेपाली साहित्यिक जगतको सम्मान हो। यस्ता कार्यक्रमहरुले स्रष्टाहरुको योगदानलाई सार्वजनिक रुपमा स्थापित गर्नुका साथै नयाँ पुस्तालाई पनि प्रेरणा दिने काम गर्छन् ।

विशेष रुपमा उल्लेखनीय पक्ष भनेको अक्षयकोषको अवधारणा हो । विभिन्न दाताहरुको योगदानबाट स्थापना गरिएका कोषहरुले साहित्यिक गतिविधिलाई दीर्घकालीन आधार प्रदान गरेका छन् । भवानी मिश्र, तुलसादेवी न्यौपाने, रूद्र निरौला तथा चन्द्रवीर खड्का जस्ता व्यक्तित्वका नाममा स्थापित कोषहरुले देखाएको उदारता केवल आर्थिक सहयोग होइन, यो साहित्यप्रतिको आस्था र जिम्मेवारीको प्रतीक हो । यस्ता कोषहरु बिना साहित्यिक गतिविधिको निरन्तरता सम्भव हुँदैन भन्ने यथार्थलाई स्वीकार्नैपर्छ ।

तर, के यस्ता कार्यक्रमहरु केवल सम्मानमा सीमित रहनु पर्याप्त छ त भन्ने गहन र यक्ष प्रश्न खडा गरेको छ । सम्मान महत्वपूर्ण छ, तर त्यो सँगसँगै सृजनात्मक उत्पादन, अध्ययन-अनुसन्धान र साहित्यको गहिराइमा काम गर्ने वातावरण पनि आवश्यक छ। साहित्यलाई जीवित राख्न केवल पुरस्कार होइन, निरन्तर अभ्यास, पाठक निर्माण र आलोचनात्मक विमर्श पनि उतिकै आवश्यक हुन्छ ।

साहित्य कला संगम दमकले सञ्चालन गर्दै आएको मासिक गोष्ठी, कार्यशाला, रचना वाचन, 'सङ्गम' पत्रिकाको प्रकाशन र नयाँ प्रतिभा उत्पादनका गतिविधिहरु सकारात्मक पक्ष हुन् । यस्ता गतिविधिहरुलाई अझ विस्तार गर्दै विद्यालय र कलेज तहसम्म साहित्यिक संस्कार विकास गर्ने अभियान सञ्चालन गर्नु आजको आवश्यकता हो । अर्कोतर्फ, राज्य र स्थानीय तहको भूमिका पनि उत्तिकै महत्वपूर्ण हुन्छ। साहित्यिक संस्थाहरुले मात्र होइन, सरकारका निकायहरुले पनि भाषा, साहित्य र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनमा प्राथमिकता दिनुपर्छ । साहित्य समाजको आत्मा हो–यसलाई उपेक्षा गर्नु भनेको आफ्नो पहिचान गुमाउनु हो ।

यसैले, दमकमा आयोजित यो समारोहलाई एउटा कार्यक्रमको रुपमा मात्र हेर्नु हुँदैन। साहित्य अझै जीवित छ, स्रष्टाको सम्मान अझै सम्भव छ र समाजमा चेतनाको ज्योति अझै निभेको छैन भन्ने सन्देश प्रवाह भएको छ । अन्ततः, यस्ता प्रयासहरुलाई निरन्तरता दिन सकियो भने मात्र साहित्यिक आन्दोलन सशक्त बन्नेछ । सम्मानको संस्कारलाई सिर्जनात्मक अभ्याससँग जोड्दै अघि बढ्ने हो भने नेपाली साहित्यले अझ व्यापक उचाइ हासिल गर्नेछ । दमकबाट सुरू भएको यो उज्यालो यात्रा देशभर फैलियोस् –यही अपेक्षा गर्न सकिन्छ ।

## राष्ट्रिय पुँजीको रुपमा व्यवसायिकताको संरक्षण केही तथ्य

- सन् १९९९ मा भेनेजोएमा ह्युगो चावेज को सत्ता आरोहण पछी त्यहाको सरकारले त्यहका उद्योगपती र व्यवसाहीहरूलाई भष्ट्राचारका बिषयमा कडा नियन्त्रण र धरपकडले त्यहाको पुर्जीं पलायन हुँदा लगभग भेनेजोएला टाट पल्टिएको थियो त्यो क्रम निकोलस मादुको सम्म पनि जारी थियो ।
- सन् २००५-६ मा जिम्बाबेका राष्ट्रपती रोवर्ट मुगावे त्यहाका उद्योगपती व्यवसाही माथी निर्मम बन्दा ज्थउभचष्लाबितष्यल को असरले देश टाट पल्टिएको थियो। त्यो समयको असर आज पनि जिम्बाबे भोगिरहेको छ ।
- सन् २००० मा रसियामा भ्लादिमिर पुगिनको उदय पछी केही सिमित सत्ता नजिकका व्यापारीहरू "ओलिगार्क" माथी सरकार निर्मम बन्दा बिश्वभरको रसियमा लगानी लगभग जिरो भएको थियो भने लगभग त्यहाको अर्थतन्त्रको ठुलो पैसा पलायन भएको थियो ।
- सन् २०२० को सुरूवात तिर चिनमा त्यहाका टेक कन्पनीहरू अलिबाबा र ज्याकना जस्ता कम्पनीहरू र व्यवसाहीहरूलाई सरकारले नियन्त्रणमा लिने प्रयास गर्दा त्यहाको सेयर बजार क्रास भएको थियो भने त्यहाका टेक कम्पनीहरूले लगभग ५०० बिलियम पैसा बाहिर लगेका थिए ।
- सन् २०२१ मा म्यानमारमा सौनिक कु पछी निजी क्षेत्रलाई धरपकड गर्दा इतिहासको सबैभन्दा ठुलो बैकिङ् संकट परेको थियो । बिदेशी लगानीहरू पलायन भएका थिए भने देशको न्मए ३५% घटेको थियो ।
- सन् २००२ मा अर्जेन्टिमा सरकारले निजी क्षेत्रमाथी हस्तछेप गर्दा बिश्वभरको डलर प्रतिबन्ध खेप्नु परेको थियो सगै स्थानिन मुद्रा मुल्य हिन भएको थियो।
- सन् २०१८ को टर्की कान्ड, २०१३ को इजिप्ट कान्ड, २०२० को इथियोपिया कान्ड यस्ता हजारौ कान्ड छन् इतिहासमा जहा व्यवसाही माथी सरकारको हस्तछेप हुदा लगभग देश टाटपल्टिएको छ। समृद्धीको नाराले चिउरा भिज्दैन यो बिर्सनु हुँदैन। कतै हामी पनि माथीको इतिहासकै पाना तिर त जादै छैनौ ? यो बिचारणिय छ।
- धरपकड मात्र समस्याको समाधान हैन सहज रूपमा कानुनी परिधि भित्र ल्याउनु सरकारको दाइत्व हो। कामका लागि काम देखाउदा देश टाटपल्टिने दिशा तिर नजावोस। हाम्रो देशबाट पुर्जीं पलायन हुन्छ भने त्यो सरकारको अधोगतिको दिनगन्ती हो। हामीले हाम्रो धरातल बिर्सनु हुँदैन।
- – धुर्व सत्य के हो भनै सरकार, नेता, पार्टी फेरि फरि जति पनि बनाउन सकिन्छ तर पुर्जीं, उद्योगी र व्यवसाही फेरि फेरि बनाइरहन सकिदैन ।

# फर्मा, ईंटा र सुकुम्बासी



बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

**राज्यले नागरिकलाई भेदभाव गर्दैन । गर्नु हुँदैन । दुःख दिनु हुँदैन । सबैलाई बराबर न्याय दिनु पर्छ । 'एभ्रिवन इज इकवेल बिफोर ल' भनेर रूशोले लेखेको किताब 'द सेकेन्ड कन्ट्रयाक्ट' आजको लोकतन्त्रको मेरूदण्ड हो ।**

यो समय सुकुम्बासी शब्दले सिंगारिएको छ । कतिलाई अप्रिय लाग्ने, कतिलाई प्रिय लाग्ने यो शब्दले नेपाली सञ्चार जगत ढपक्कै ढोको छ । यसैको 'हेडलाइन' छ यत्रतत्र 'बालेन सरकारको फलानो सुकुम्बासी बस्तीमा पनि डोजर चल्यो' । डोजरको बिरोध भयो । राजनीति रंगमा सजियो । किनकि सुकम्बासी शब्द निकै प्यारो लाग्छ कतिपय राजनीतिक आदर्श बोक्नेहरूका लागि । किनभने कार्ल मार्क्सले समाजमा वर्ग छुट्याउँदा पूजिपति वर्ग ( बुर्जुवा) र सर्वाहारा वर्ग (प्रोलेटरेट) भनेर पूरै समाजलाई दुई चरित्र र अवस्थामा किटान गरेर लेखे । यही वर्ग विभाजन मार्क्सवादको आत्मा बन्यो । त्यो आत्माभित्र एउटा स्थाइ रेखा पनि खनियो, त्यो रेखा मात्रै नभएर त्यो पर्खाल बन्यो । त्यो दुइवटा संसार बन्यो । एउटा संसार, जसलाई बुर्जुवा वर्ग भनियो त्यो सदाबाहर 'दुश्मन' कहलियो । अर्को संसार जसलाई सर्वहारा भनियो त्यो सदाबाहर 'मित्र' कहलियो । यसरी राजनीतिक विचारको यो खाले 'ईंटाको फर्मा' बन्यो । त्यो फर्माभित्र पूर्वी युरोप, चीन, दक्षिण अमेरिकाका कतिपय मुलुकहरु छिरे । र एकछत्र ईंटा बने 'आदर्श' र 'राजनीतिक विचारका' । हामी पनि अछुतो रहेनौं ।

मार्क्सवादको यो फर्माभित्र मान्छेका बुद्धि र विवेकहरु पस्न थाले । त्यो फर्माले बनाएका मान्छेका दिमागका ईटा एउटै साइज, एउटै आयाम र एउटै रंगमा निस्किए । एउटा फर्माबाट करोडौं एकै साइजका ईंटा फ्याक्ट्रीमा उत्पादन भए विशौं शताब्दीभरि ।

तर यो फर्माले 'ईंटाका अकल्पनीय विविधतायुक्त' आकारहरु निस्किने कुरै भएन । किनभने ती ईटाका अकारहरु फेरिइसके । 'साइज' मिलेन । तर हामी 'साइज मिल्छ' भनिरहेका छौं ।

आजको दुनियाँमा मानिसहरूलाई परम्परागत मार्क्सवादी वर्गहरु–जस्तै बुर्जुवा (मालिक वर्ग) र सर्वहारा (श्रमिक वर्ग) बीच सरल रूपमा विभाजन गर्न अब सकँदैन किनभने वर्गका आयामहरु बदलिसके । ईटाको 'साइज' बदल्नु पर्ने भयो । किनकि आय र जीवनशैली सधैं यी दुई वर्गीय भूमिकासँग कुनै पनि हालतमा मेल खाँदैनन् । उदारणका लागि, केही श्रमिकहरूले साना व्यवसायी मालिकहरूभन्दा बढी आम्दानी गर्छन । एउटा बैंकको लेखापालले १० बिगाहा जमिन भएको पूँजिपति 'मालिक' भन्दा त्यो सवहारा 'नोकर' ले धरै नै बढी कमाइरहेको हुन्छ । अब भन्नु, को हो त पूँजिपति ? को हो त सर्वाहारा ? दमक चोकमा दश धुर जग्गा हुने पूँजिपति कि बालुबथानमा ३ बिगाहा जमिन हुने पूँजिपति ? त्यसैले, व्यक्तिहरूलाई उनीहरूको सामाजिक-आर्थिक जीवनशैलीका आधारमा, स्थानका आधारमा वर्गीकृत गर्नु पर्ने हुन्छ आज । तर हामी उही 'फर्मा' ले बनाएका ईंटा बनेर बोलिरहेका हुन्छौं ।

आज हाम्रो समाजमा खासमा पाँच प्रमुख सामाजिक वर्गहरु भेटिन्छन् । पहिलो वर्ग हो 'अधोवर्ग', जो घरबारविहीन छ र उसको श्रम बाहेक उसंग केही पनि छैन । दोस्रो, 'निम्न वर्ग', जो गरिव छ तर बस्ने आफ्नै झुप्रो छ । तेस्रो, 'मध्यम वर्ग' जो आर्थिक रूपमा स्थिर त छ तर धनी छैन । उसले संघर्ष पनि गरिरहनु पर्छ । चिन्ता पनि धेरै हुन्छन् । चौथो, 'उच्च वर्ग' जो आर्थिक रूपले सम्पन्न छ र उसले जीवन धान्न संघर्ष परिरहनु पर्दैन । उसंग लगानीहरु पनि प्रशस्त हुन्छन् । पाँचौं, 'अत्यन्त धनी वर्ग' जो अभिजात वर्ग हो जसको हातमा मुलुकका प्रमूख आर्थिक पाटाहरूको नियन्त्रण हुन्छ । निम्न वर्गहरूले आर्थिक अभाव र असुरक्षाको सामना गर्नुपर्छ, भने उच्च वर्गहरूले सुविधा, विशेषाधिकार र स्थायित्वको उपभोग गर्छन् । मध्यम वर्ग यी दुईको बीचमा पर्दछ, जसले केही स्थिरतासँगै आर्थिक दबाब पनि अनुभव गर्दछ । अमेरिका, युरोप आदि 'कथित बुर्जुवा लोकतन्त्र भएका मुलुकहरु को यो ५ खाले बिभाजन हामीकहाँ पनि आइपुगेको छ । अनि हामी भनिरहन्छौं 'सुकुम्बासीलाई हटाउन पाइँदैन' । किनभने लिखा परेको दिमागले यही भन्छ कि एउटा वर्ग ती सुकुम्वासी हुन्, अर्को वर्ग सरकारमा बस्ने जस्ता 'धनी' र 'सूनवाला' हुन् । समस्याको जड यही हो । त्यही भएर सुकुम्बासीलाई 'संरक्षण' तिनैले गरिरहका हुन्छन् जो सनातनी 'फर्मा' मा हालेर दिमाग बनाएका हुन्छन् , तिनले यो समाजलाई बुझ्न पाएका छैनन् । बुझ्न दिइएको पनि हुँदैन । तिनलाई संधै भोटबैंक बनाइएको हुन्छ । अब यस्तो जटीलतामा दुईसय बर्ष अघि बनेको फर्माका हाम्रा टाउकाले चाहिं भनिरहन्छन् कि हाम्रो समाजमा दुइवटा जर्ग मात्रै छन् । समस्या यहिंनिर छ ।

'होमलेस / ल्याडलेस' त संसारमा जहाँ पनि हुन्छन् । तर तिनको व्यावस्थापन गर्नु राज्यको दायित्व हो । अमेरिकामा पनि छन् सुकुम्बासी । त्यहाँ विभिन्न मोडलमा सुकुम्बासी समस्य हल गरिन्छ । एउटा हो, 'हाउजिङ फर्स्ट मोडेल' जसमा विनाशर्त तिनलाई आवास उपलब्ध गराइन्छ । अर्को हो 'टाइनी होम भिलेज' मोडल जसमा संक्रमणकालका लागि सुविधासम्पन्न तर साना घरहरु बनाइएका हुन्छन् सुकुम्बासीहरूका लागि । अर्को छ 'राइटस टु सेल्टर' मोडल जसमा कानूनी प्रकृया पूरा गरेर सुबिधायुक्त घरहरु बनाइएका हुन्छन् तिनका लागि ।

युरोपमा पनि 'हाउजिङ फर्स्ट' मोढल (फिनल्याण्ड), 'सोसल सेल्टर' मोडल (अष्ट्रिया), 'इन्ट्रिगेटेड सोसल एसिस्टेन्स सिस्टम' फिनल्याण्ड, 'कम्युनिटि बेस्ड कोअपरेसन' (स्पेन) आदि लोकप्रिय मोडलहरु अवलम्बन गरिएका छन् । नेपालमा बालेन सरकारले अवलक्बन गरेको मोडल पनि यिनीहरूसंग बिल्दोजुल्जो छ ।

कुरा यत्ति हो, राज्यले नागरिकलाई भेदभाव गर्दैन । गर्नु हुँदैन । दुख दिनु हुँदैन । सबैलाई बराबर न्याय दिनु पर्छ । 'एभ्रिवन इज इकवेल बिफोर ल' भनेर रूशोले लेखेको किताब 'द सेकेन्ड कन्ट्रयाक्ट' आजको लोकतन्त्रको मेरूदण्ड हो । बालेन सरकार पनि यो घेराबाट बाहिर जान मिल्दैन । हिजो त यो घेरबाट कति पर गए गए कति नि पुराना दलहरु, अनि त ती फालिए । त्यो गल्ती दोहोऱ्याउने यो सरकालाई अनुमति छैन । अहिले यो सरकारको बिरूद्धमा देखिएको रोइलो 'सत्ताबिमूख' हुनु परेको 'छटपटि' मात्रै हो । दमक

## पशुधनदेखि मानवसम्म: भेटेरिनरी सेवाको प्रभाव



प्रत्येक वर्ष अप्रिलको अन्तिम शनिबार मनाइने विश्व भेटेरिनरी दिवसले पशु चिकित्सकहरूको अथक सेवा, समर्पण र समाजमा उनीहरूको महत्वपूर्ण भूमिकाको कदर गर्ने अवसर प्रदान गर्दछ । यो दिवसले पशु स्वास्थ्यसँगै जनस्वास्थ्य, खाद्य सुरक्षा, आर्थिक स्थिरता र जूनोटिक रोग नियन्त्रणमा भेटेरिनेरियनहरूको योगदानलाई उजागर गर्छ। २०२६ को सन्दर्भमा दिगोपन, खाद्य सुरक्षा र जीविकोपार्जन सुदृढीकरणमा विशेष जोड दिइएको छ, जसले वातावरणीय, सामाजिक र आर्थिक पक्षबीच सन्तुलन आवश्यक रहेको सन्देश दिन्छ ।

विश्वभर १ अर्बभन्दा बढी मानिस आ ́ नो जीविकोपार्जनका लागि पशुपालनमा निर्भर छन्, जहाँ दूध, मासु र अण्डाजस्ता पशुजन्य खाद्य पदार्थले पोषण सुरक्षामा महत्वपूर्ण भूमिका खेल्छन्, विशेष गरी कुपोषणको जोखिममा रहेका समुदायका लागि। यस्ता खाद्य प्रणाली दिगो बनाउन उत्पादन सुरक्षित, किफायती र पहुँचयोग्य हुनु आवश्यक छ भने किसानको आय सुनिश्चित हुनु पनि उत्तिकै जरूरी छ ।

पशुधनले स्रोत-कुशल खाद्य प्रणाली निर्माणमा पनि योगदान पुऱ्याउँछ, किनकि यसले बाली अवशेष र घाँसजस्ता गैर-खाद्य स्रोतलाई उच्च गुणस्तरको पोषणमा रूपान्तरण गर्छ र माटोको उर्वराशक्ति कायम राख्न सहयोग पुऱ्याउँछ। स्वस्थ पशुहरु उच्च उत्पादनशील हुन्छन्, कम स्रोत प्रयोग गर्छन् र वातावरणमा कम असर पार्छन्, जसले जलवायु परिवर्तनसँग जुध्न मद्दत गर्दछ। रोग रोकथाम, समयमै पहिचान र उपचार तथा गुणस्तरीय दानाको प्रयोगले पशु स्वास्थ्य सुधार गर्न सकिन्छ, जसमा भेटेरिनेरियनहरूको भूमिका केन्द्रिय हुन्छ। यद्यपि, पशु स्वास्थ्य क्षेत्रमा लगानी अझै न्यून रहेको तथ्यले यस क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता देखाउँछ ।

दिगो विकासका लागि स्थानीय सन्दर्भअनुसारका समाधान आवश्यक हुन्छन्, किनकि पशुपालन प्रणाली भूगोल, संस्कृति र आर्थिक अवस्थाअनुसार फरक हुन्छन्। विज्ञान, प्रविधि र नवीनताले पशुधन क्षेत्रलाई अझ प्रभावकारी बनाउँदै आएको छ, जसले कम स्रोतमा बढी उत्पादन सम्भव बनाएको छ। साथै, राम्रो तथ्यांक र अनुसन्धानमा आधारित नीति निर्माणले दीर्घकालीन प्रगति सुनिश्चित गर्न सक्छ ।

नेपालको सन्दर्भमा पशुपालन ग्रामीण अर्थतन्त्रको मेरूदण्ड हो, जहाँ लाखौं मानिस पशुमा निर्भर छन् । यहाँ भेटेरिनेरियनहरूले रोग नियन्त्रण, खोप सेवा, उपचार र किसानलाई प्राविधिक ज्ञान प्रदान गरेर उत्पादन वृद्धि, आम्दानी सुधार र जनस्वास्थ्य संरक्षणमा महत्वपूर्ण योगदान दिइरहेका छन्। त्यसैले, दिगो विकास र खाद्य सुरक्षाको लक्ष्य हासिल गर्न पशु स्वास्थ्य र भेटेरिनरी सेवामा लगानी र प्राथमिकता बढाउनु अपरिहार्य छ ।



## मजदुरदेखि करोडपति उद्यमीसम्म: भीमबहादुरको प्रेरणादायी यात्रा

**दमक**/ झापाको मेचीनगर-२ भृकुटीका ३२ वर्षीय भीमबहादुर भट्टराई एक समय दैनिक गुजारा चलाउनै संघर्षरत थिए । चुहिने छानोमुनि बस्दै बिहान-बेलुकाको छाक टार्नसमेत धौधौ पर्ने अवस्थाबाट गुज्रिएका उनले कहिले भोकै रात काटे त कहिले अरूको मजदुरी गरेर जीवन धाने ।

तर आज उनको जीवन पूर्ण रूपमा परिवर्तन भएको छ । निरन्तर मेहनत, लगनशीलता र आत्मनिर्भरताको सोचले उनी सफल उद्यमीका रूपमा स्थापित भएका छन् । अहिले उनी सञ्चालन गर्दै आएको 'गणेश नर्सरी उद्योग'मा पाँच सयभन्दा बढी प्रजातिका बिरुवा उत्पादन हुन्छन्, जसको बजार झापादेखि चितवनसम्म फैलिएको छ ।

विसं २०७३ मा मात्र रु २७०० को सानो लगानीबाट सुरु गरिएको यो व्यवसाय आज वार्षिक करोडौंको कारोबार गर्ने अवस्थामा पुगेको छ । नर्सरी व्यवसायकै माध्यमबाट उनले आफ्नै घरजग्गा जोड्नुका साथै आर्थिक रूपमा सुदृढ बनेका छन् । सानैदेखि परिश्रममा विश्वास राख्ने भीमबहादुरले कुखुरा व्यापारदेखि लिएर गाई-बाख्रा बेच्ने कामसमेत गरे । स्थानीय बजारमा व्यापार गर्दै उनले व्यावसायिक अनुभव हासिल गरे । साथै, उनले एक समय पत्रिका वितरण गर्ने 'हकर'को काम पनि गरेका थिए ।

कक्षा १० सम्मको अध्ययनपछि पूर्ण रूपमा स्वरोजगारमा लागेका उनले शिव शक्ति ग्रुप अफ कम्पनीमा काम गर्दै कृषि क्षेत्रमा आवश्यक ज्ञान र सीप हासिल गरे । यही अनुभवले उनलाई व्यवसायमा अगाडि बढ्न मद्दत गऱ्यो ।

हाल उनले नर्सरीसँगै सुपारी प्रशोधन उद्योग पनि सञ्चालन गरिरहेका छन् । झापा सुपारी खेतीका लागि उपयुक्त क्षेत्र भएकाले उनले यस क्षेत्रमा पनि लगानी विस्तार गरेका छन् । किसानबाट सुपारी खरिद गरी प्रशोधन गरेर बिक्री गर्ने कामबाट समेत स्थानीयलाई रोजगारी मिलेको छ ।

उनका अनुसार, "इमान्दारी र मेहनतका साथ काम गरे सफलता अवश्य प्राप्त हुन्छ।" अहिले उनका उद्योगहरूमा २० जनाभन्दा बढी स्थानीयले रोजगारी पाएका छन् । उनको सफलतामा उनकी पत्नी तुलसी भट्टराईको महत्वपूर्ण साथ रहेको छ । उनले सधैं स्वदेशमै केही गर्न प्रोत्साहित गरेकी छन् ।

व्यवसायसँगै भीमबहादुर सामाजिक कार्यमा पनि सक्रिय छन् । उनले विद्यालयमा अक्षयकोष स्थापना गर्नुका साथै धार्मिक र सामुदायिक संरचना निर्माणमा सहयोग गर्दै आएका छन् ।

खाडी मुलुकतर्फ रोजगारीका लागि जाने युवाहरूको भीडबीच भीमबहादुर स्वदेशमै अवसर सिर्जना गर्न सकिन्छ भन्ने उदाहरण बनेका छन् ।

# मोटर दाहिने गुडाएर अर्बौं बचत !



✍ **गोपाल गड्तौला**
(टेक्सास, अमेरिका)

एउटा मालसामान ढुवानी कम्पनीले आफ्ना मोटरहरू हरेक घुम्तीमा दाहिने मात्र मोडेर बार्षिक दश मिलियन ग्यालेन इन्धन बचत गरिरहेको छ भन्ने सुन्दा अचम्म लाग्नसक्छ । तर यो सत्य हो ।

अमेरिकी ढुवानी संस्था युपिएस (युनाइटेड पोष्टल सर्भिस)ले आफ्ना ढुवानीमा खटिएका सवारी साधनहरूलाई दाँयामात्र मोड्न लगाँउछ । एकदमै अभर वा अवरोधको अवस्थामा बाहेक युपिएसका मोटरहरू बाँया मोडिदैनन् । त्यसरी बाँया मोडिने सवारी साधनको संख्या दश प्रतिशत भन्दा कम छ ।

यसरी मोटर दायाँमात्र मोडेबापत (दुरी कम हुनाले) यस कम्पनीले हरेक वर्ष दश मिलियन ग्यालेन अर्थात तिन करोढ ७८ लाख ५४ हजार १सय १७ लिटर लिटर इन्धन बचत गरिरहेको छ । आजको मुल्यमा त्यति इन्धनको मोल १५ करोड १४लाख १६ हजार ४सय ६८ डलर हुन आँउछ । नेरूमा हिसाव गर्दा यो रकम ३० अर्ब ८८ करोड ८९ लाख ५९ हजार ४सय ७२ हुन आँउछ ।

यो सँगै मोटरहरू दाँयामात्र मोड्दा अरू तिनतिरबाट आएका सवारी साधनलाई बाटो दिन पर्खिरहनु नपर्ने हुन्छ र ढुवानी गन्तब्यमा अरूभन्दा केहि छिटो पुगिन्छ । दाँया मोडिनुको अर्को फाइदा भनेको दुरी कम हुनु पनि हो । अगाडि र दाँयाबाट सवारीसाधन आएका छैनन भने सामुन्नेमा रातो बत्ती बलेको अवस्थामा पनि दाँया जान सकिने भएकोले पुग्नुपर्ने ठेगानामा छिटै पुगिन्छ जसकारण अमेरिकामा अरूभन्दा सरदर वार्षिक साढेतिनलाख बढि पटक ढुवानी गर्न सकिएको युपिएसले जनाएको छ । मोटर दाँयामात्र मोड्दा बाँया मोडिने क्रममा हुने सवारी दुर्घटना घट्छ र हरेक वर्ष २० हजार मेट्रिक टन कार्वन पनि घटाँउछ । एकलाख ३५ हजारवटा सवारी साधन भएको उक्त ढुवाली कम्पनी हरेक वर्ष प्रतिस्पर्धि कम्पनी भन्दा २० लाख ५० हजार माइल दुरी सवारी साधन गुडाइरहेको हुन्छ ।

युपिएसले संसरका दुईसय मुलुकहरूमा आफ्नो सेवा विस्तार गरिसकेको छ । अमेरिकामा मात्र यसका एकलाख सवारी साधनहरू गुडिरहेका हुन्छन् ।

युपिएसले आफ्ना ढुवानी सवारी साधनहरूलाई दाँयामात्र मोडाउनकालागि विशेष किसिमको नेभिगेसन नै बनाएको छ जसलाई अन रोड इन्ट्रिगेटेड अप्टिमाइज एण्ड नेभिगेसन भनिन्छ ।

ब्यस्त जीवनशैलिका कारण अमेरिकामा मानिसहरूले धेरैजसो सामान घरमै बसेर मगाउने भएकोले यहाँ ढुवानी कम्पनीले काम पाइरहेका छुन्छन् । मानिसहरू, कपडा, मोवाइल लगायतका सबैजसो सामान यस्तै ढुवानी कम्पनीबाट मगाइरहेका हुन्छन् । कम्पनीसँग साढे पाँचसय हवाईजहाज पनि रहेका छन् । यस कम्पनीमा सवारी चालक, गोदाम ब्यवस्थापन, सामान प्याकेजिङ लगायतका काममा चारलाख ६० हजार कामदार कार्यरत छन् ।

**स्वास्थ्य जानकारी**



## स्वस्थकर आँप कसरी चिन्ने ?

आँप खान कसलाई मन पर्दैन र ? गर्मीको मौसम आउनेबित्तिकै धेरैले खोज्ने फल हो आँप । यसलाई फलफूलको राजा पनि भनिन्छ । बच्चादेखि वयस्क र वृद्धवृद्धा सबै जना रमाई–रमाई यो फल खान्छन् । अहिले बोटमा कलिला आँप झुलिरहेका छन् । तर बजारमा छ्याप्छ्याप्ती पहेँला आँप देखिन थालिसकेका छन् । यी आँप देख्दा तपाईं पनि लोभिनुभएको होला । यस्ता आँप तपाईंको स्वास्थ्यका लागि हानिकारक साबित हुन सक्छन् । स्वादको खोजीमा हामी प्रायः गुणस्तरलाई बेवास्ता गर्छौं, जुन शरीरका लागि अत्यन्तै खतरनाक हुन्छ ।

त्यसो भए, वास्तविक र रसायन हालिएको आँप कसरी छुट्याउने त ? आँपको वास्तविक सिजन मे र जुन हो । तर, अहिलेदेखि नै बजारमा पहेँला आँप आउन थालिसकेका छन् । वास्तवमा, यी आँपहरू रूखमा प्राकृतिक रूपमा पाकेका होइनन् । तिनीहरूलाई क्याल्सियम कार्बाइड जस्ता खतरनाक रसायन प्रयोग गरेर जबरजस्ती पकाइएको हुन्छ । यो रसायनले आँपलाई बाहिरबाट पहेँलो र सुन्दर बनाए पनि भित्र भने विषाक्त हुन्छ । विज्ञहरूले आँप प्राकृतिक हो वा रसायन हालेर पकाइएको हो भन्ने कुरा घरमै पहिचान गर्न केही सजिला तरिकाहरू सुझाएका छन् :

**बासनाबाट चिन्नेः** प्राकृतिक रूपमा पाकेको आँपमा मीठो बासना हुन्छ । रसायन प्रयोग गरी तयार पारिएको आँपमा कुनै सुगन्ध हुँदैन वा तीखो र रसायनको जस्तो गन्ध हुन्छ ।

**रङः** रूखमा पाकेको आँप सबैतिर एकैनासले पहेँलो हुँदैन । यसमा हरियो वा खैरो दागहरू हुन सक्छन् । यदि आँपभरि एकैनासको चम्किलो पहेँलो देखिन्छ भने यो सम्भवतः कृत्रिम रूपमा पकाइएको हुन्छ ।

**छोएर थाहा पाउनेः** रसायन हालेर पकाइएको आँप प्रायः आवश्यकताभन्दा धेरै गिलो वा अत्यधिक नरम हुन्छ । प्राकृतिक रूपमा पाकेको आँप केही कडा हुन्छ ।

**स्वादः** प्राकृतिक रूपमा पाक्न दिइएको आँपको स्वाद विशिष्ट हुन्छ, तर रसायन प्रयोग गरिएको आँप खाँदा मुखमा जलन हुन सक्छ ।

पुस्तक-साभार

## सोच बदलौं, जिन्दगी बदलौं

तपाईको दिमागमा अनौठो शक्ति छ

## लोम्बार्डी टाइमको अभ्यास गर्नुस्

✍ **ब्रायन ट्रेसी**

क्रमागतः

यसै समय आफ्नो चारैतिर हेरेर, आफैसँग यो प्रश्न सोध्नुस्, 'म आफ्नो काम राम्रो बनाएर कसरी आफूसँग जोडिएको महत्त्वपूर्ण मानिसको काम लाग्न सक्छु? ममा निर्भर मानिसको कामलाई तेज, सजिलो र राम्रो बनाउनको लागि म के गर्न सक्छु ? केवल प्रतिक्रियावादी बन्नुको साटो क्रियाशील बन्नुस् । यस्तो व्यक्ति बन्नुस् जसले पछि गएर मौका खोस्छ र यदि तपाईले मौका पाउनु भएन भने आफ्नो निजी प्रयासले त्यसलाई तयार गर्नुस् ।

**आफूलाई अतुलनीय बनाउनुस्**

बोका रेटन, फ्लोरिडामा काम गर्ने एक सेक्रेटरीले मेरो एक तेमिनारको समयमा एक रोचक घटना बताए । उनले व्यक्तिगत उपलब्धिमा मेरो एक अडियो प्रोग्राम सुनेका थिए । परिणामस्वरूप, उनले आफ्नो ताजा कमाई, पन्च सय डलर हर महिना, एक वर्ष भित्र दुई गुणा गर्ने फैसला गरे । उनले भराई भने उनलाई यो विश्वास पनि विएन, यो संभव छ, किनकि क सेक्रेटरीको एक यस्तो समूष्ठमा थिए जहाँ तलब निश्चित थियो। हर कोहीले यही तलब पाउँथे।

तर पनि उनले आफ्नो बोसको लागि धेरै उपयोगी बाटो खोज्न शुरू परे। उनले पाए आफ्नो सामान्य चिठी सुल्झाउनमा नै उनी धेरै समय विको। एक दिन उनले उनको पूरा चिठी जम्मा गरे र सबैको जवाफ लेखे । त्यसपछि उनले ती पत्र जाँच्न र सुधार गर्नको लागि बोसकोमा लिएर गए। उनको काम देखेर बोस प्रसन्न भए र उनले उनलाई यही काम अरु धेरै गर्न प्रोत्साहित गरे। छिटै उनी आफ्नो बोसको नब्बे प्रतिशत चिठी सम्हाल्न थाले। बोसले एक दिन यो कुरा महसूस पनि गरे ।

**रोपाई र कटाई**

करिब तीन महिनापछि उनको बोसले उनलाई बोलाए र ढोका बन्द गरे। बोसले उनीसँग भने, ऊ उनको मद्दतको कदर गर्छ र उसको तलब बढाउन चाहन्छ । उसले सेक्रेटरीसँग यो कुरा कसैलाई नबताउन भन्यो किनकि अरूमा असन्तोषको भावना नआओस् । त्यसपछि उसले उसको तलब पन्ध्रसयबाट बढाएर १७५० बनाइदियो ।

सेक्रेटरीले बोसलाई धन्यवाद दिए र उसको काममा मद्दत गर्ने सिलसिला यसरी नै जारी राखे। तीन महिनापछि, फेरि बोसले उसको तलब बढाइदिए । तीन महिनापछि फेरि उनले तलबमा वृद्धि पाए । वर्षको अन्तसम्म उनको तलब बढेर महिनाको २२५० डलर भयो, जुन उनको आरम्भिक तलबको पचास प्रतिशत धेरै थियो र उसको साथी सेक्रेटरीहरुको अभी पनि पन्ध्र सय डलर थियो । उनले बताए, उनले जब आफ्नो उर्जा आफ्नो बोस र आफ्नो कम्पनीको कामको राम्रोको लागि लगाए तब परिणाम चमत्कारिक रह्यो । यही रणनीति तपाईंको लागि पनि उपयोगी हुनसक्छ । क्रमशः

# साबित्रीको च्याउ खेतीमा सफलता

**पर्वत/** जलजला गाउँपालिका-८ फर्सेकी सावित्री खत्री व्यावसायिक च्याउखेतीबाट मनग्य आम्दानी गर्न सफल भएकीछिन् । कृषि पेसाबाट गाउँमै केही गर्न सकिन्छ भनेर विगत ११ वर्षदेखि व्यावसायिक कृषिखेतीमा सक्रिय खत्रीले च्याउ र तरकारीखेतीबाट बर्सेनि रू १२ लाखभन्दा बढी आम्दानी गर्न थालेकीछिन् ।

चारवटा गुम्बज टनेलमा कन्ये र गोब्रे च्याउखेती उत्पादन गरी छिमेकी जिल्ला बागलुङ, म्याग्दी र पर्वतको कुश्मा बजारमा खपत गर्ने गरेको अगुवा कृषक खत्रीको भनाइ छ । यस वर्ष च्याउबाट मात्रै रू सात लाखभन्दा बढी आम्दानी भएको उनले बताईन् । "च्याउखेतीबाट हुने आम्दानीबाट सन्तुष्ट छु, उत्पादित च्याउको बिक्रीका लागि कुनै समस्या छैन," कृषक खत्रीले भनिन् । गोब्रे च्याउको प्रतिकिलो रू ५०० र कन्येलाई रू २०० मा बिक्री गर्ने गरेका उनले गोब्रे च्याउबाट यस वर्ष रू पाँच लाख र कन्ये च्याउबाट रू दुई लाख आम्दानी भएको बताईन् ।



कच्चापदार्थसहितका साम्रग्रीसमेत तयार गर्ने गरेकी कृषक खत्रीले सात रोपनी जमिनमा उत्पादन हुने अन्य तरकारीबाट रू पाँच लाखको बिक्री गर्छिन् । च्याउबाहेक मौसमअनुसार काँक्रो, घिरौंला, बोडी, सिमी, करेला, भन्टा, खुर्सानी, धनियाँ, गाजरलगायतका तरकारी उत्पादन गर्दै आएको बताईन् । तीनवटै जिल्लाका सदरमुकाम नजिकै रहेको र कालीगण्डकी करिडोरअन्तर्गत मालढुङ्गा-बेनी सडक नजिकै रहेकाले उत्पादित च्याउ र तरकारी बजारीकरणमा समस्या नरहेको उनले बताईन् । खत्रीले यस वर्ष उच्च प्रविधिको टनेल थपेर बाह्रै महिना च्याउखेती गर्न थालेकी हुन् । उनले वातानूकुलित टनेलमा जाडो तथा गर्मी दुवै याममा च्याउ उत्पादन हुने बताईन् । अब च्याउखेतीबाट निरन्तर आम्दानी हुने उनले बताईन् ।

सामाजिक एवं राजनीतिक रूपमा सक्रिय रहेकी खत्रीले राम्रो उत्पादन दिने र श्रमिक पनि कम लाग्ने हुँदा च्याउखेतीलाई विस्तार गर्दै गएकीछिन् । वैदेशिक रोजगारीबाट फर्किएका श्रीमान् भीमबहादुर केसीले च्याउ र अन्य तरकारीखेतीको उत्पादन तथा बजारीकरणमा सघाइरहेकाछन् । अहिले दम्पतीका अलावा समय-समयमा ज्यालादारी मजदुर खोजेर तरकारीखेती गर्ने गरेको उनको भनाइ छ ।

खेती गर्नलाई धेरै ठूलो ठाउँ, समय पनि नचाहिने र बेच्नलाई सजिलो भएकाले यसप्रति श्रीमान्ले विदेश नगई सघाउन थालेको खत्रीले बताईन् । मेहनत गर्ने हो श्रीमान्ले विदेशमा कमाउने पैसा दुवै मिलेर यहीँ दुःख गरी कमाउन सकिने खत्रीको अनुभव छ । खत्रीले च्याउखेतीबाट भएको कमाईले छोरीलाई उच्च शिक्षाका लागि विदेश पठाउन सफल भएकाछन् भने छोरालाई समेत निजी विद्यालयमा पढाएकाछन् । यसका अलावा बैंकमा बचत गर्न सफल भएको उनले बताईन् । मेहनत र परिश्रम गर्ने हो भने पैसा कमाउन विदेश जान पर्दो रहेनछ भन्ने आ`नो अनुभवले देखाएको उनले बताईन् ।

पछिल्लो समय गाउँपालिकामा व्यावसायिक रूपमा लाग्ने कृषकको आकर्षण बढेको रहेको गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्यले बताए । "गाउँपालिकाले पनि प्रोत्साहन गरिरहेको छ, अबका दिनमा च्याउखेतीमा अनुदान समेत बढाउँछौं," आचार्यले भने । च्याउ एक बहुउपयोगी खाद्य पदार्थ हो । च्याउमा तरकारी तथा मासुमा पाइने सबै प्रकारका प्रोटिन तत्व पाइने र सजिलैसँग पचाउन सकिने भएकाले बच्चादेखि वृद्धवृद्धाका लागि अति उपयोगी छ । च्याउमा पानीको मात्रा ९० प्रतिशत पाइने हुनाले यो एकदम महत्वपूर्ण मानिन्छ । च्याउले क्यान्सर, मुटुरोगजस्ता रोग लाग्नबाट बचाउँछ ।

**कला/मनोरञ्जन**

## नेपाली अन्कोलोजिस्ट डा. शाही एस्कोको एलडिपीमा चयन

**दमक/** अमेरिकन सोसाइटी अफ क्लिनिकल अन्कोलोजी (एस्को)द्वारा सञ्चालन हुने प्रतिष्ठित 'नेतृत्व विकास कार्यक्रम' (एलडिपी) २०२६-२०२७ का लागि नेपालका क्यान्सर रोग विशेषज्ञ डा. अरुण शाही छनोट भएका छन्। विश्वभरका उदयीमान अन्कोलोजिस्टहरूलाई नेतृत्व क्षमता विकास, नीतिगत सोच विस्तार र क्यान्सर उपचार क्षेत्रमा प्रभावकारी भूमिका निर्वाह गर्न सक्षम बनाउने उद्देश्यले सञ्चालन हुने यस कार्यक्रमका लागि डा. शाहीको छनोटलाई महत्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ।

हाल पाटन एकेडेमी अफ हेल्थ साइन्सेजसँग आवद्ध डा. शाहीको छनोटले नेपाली स्वास्थ्य क्षेत्र, विशेषगरी क्यान्सर उपचार क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरमा नेपालको उपस्थिति अझ सशक्त बनाएको एस्कोद्वारा जारी सूचनामा उल्लेख गरिएको छ। एक वर्ष अवधिको यस कार्यक्रममा सहभागीहरूलाई नेतृत्वसम्बन्धी तालिम, अन्तरक्रियात्मक सिकाइ तथा विश्वस्तरीय विज्ञहरूसँग सहकार्य गर्ने अवसर प्रदान गरिनेछ। साथै, एस्कोको रणनीति, नीतिगत दिशा र विश्वव्यापी क्यान्सर उपचारमा यसको प्रभावबारे गहिरो समझ विकास गर्न कार्यक्रमले सहयोग गर्ने अपेक्षा गरिएको छ।

यस वर्षको कार्यक्रमका लागि अमेरिका बाहिरबाट छनोट हुनेमध्ये डा. शाही एक मात्र सहभागी रहेका छन्, जसले उनको



पेशागत दक्षता र योगदानलाई अन्तर्राष्ट्रिय स्तरमा मान्यता दिएको जनाइएको छ। एस्कोले उनलाई भविष्यमा स्वास्थ्य क्षेत्रमा प्रभाव पार्न सक्ने नेतृत्वदायी चिकित्सकका रूपमा पहिचान गरेको जनाएको छ।

डा. शाहीले यो अवसरलाई व्यक्तिगत उपलब्धि मात्र नभई नेपालका अन्कोलोजिस्टहरूको क्षमता र सम्भावनालाई विश्वसामु प्रस्तुत गर्ने महत्वपूर्ण माध्यमका रूपमा लिएको बताएका छन्। उनले कार्यक्रममार्फत विश्वका उत्कृष्ट क्यान्सर विशेषज्ञहरूसँग सिक्ने, सहकार्य गर्ने र पेशागत सञ्जाल विस्तार गर्ने अवसर प्राप्त हुने बताए। साथै, सिकेका ज्ञान र अनुभवलाई नेपालमा उपयोग गरी अन्य चिकित्सकलाई मार्गदर्शन गर्ने, नयाँ पुस्तालाई प्रेरित गर्ने तथा समग्र स्वास्थ्य प्रणाली सुदृढ बनाउन योगदान दिने प्रतिबद्धता उनले व्यक्त गरेका छन्।




आज मिति
२०८३ साल
वैशाख १४ गते
सोमबार
27 April 2026
तिथि: एकादशी



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | धन लाभ । मनमा अशान्ति । भाईबहिनीसँग विवाद । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | पुरुषार्थद्वारा आयमा वृद्धि । मनमा अशान्ति । |
| मिथुन | का कि कु घ ङ छ के को हा | धर्म, कर्ममा खर्च । परिवारको सहयोगले धनलाभ । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | लेनदेनबाट लाभ । बोलीले मान्यसँग विवाद । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | बोलीले शत्रु बढ्ने । कार्यमा सफल । धन लाभ । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | कर्मचारी र मित्रसँग विवाद । पराक्रम बढ्ने, आयमा वृद्धि । |
| तुला | रा री रु रे रो ता ती तु ते | मान्यजनबाट दुःख, विवाद बढ्ने । अकस्मात धन लाभ । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | उत्तम भोजन, धन लाभ । भाईबहिनीसँग विवाद । |
| धनु | य यो भा भी भ धा फा ढ भे | पराक्रमले धनलाभ । सन्तान र वाहनमा केही समस्या । |
| मकर | भो जा जी खि खू खे खो गा गी | व्यवसायबाट लाभ । पिताजीमा कष्ट । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | मनमा अशान्ति, प्रेमिकासँग विवाद । रोजगारीबाट धन लाभ । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | असल कार्यबाट धन लाभ । आफन्तसँग विवाद । |

# खालि गराईए तीन सुकुम्बासी बस्ति

काठमाडौं/ काठमाडौंका तीन सुकुम्बासी बस्ति खाली गराईएको छ । महानगरपालिका– ११ थापाथलीस्थित वाग्मती नदी किनारको बस्ती, वडा नं ९ को गैरीगाउँ-सिनामङ्गल क्षेत्र तथा वडा नं ३१ को शान्तिनगरमा रहेका अतिक्रमित बस्ती खालि गराईएका हुन् । सरकारी जग्गा अतिक्रमण गरी निर्माण गरिएका अस्थायी तथा स्थायी संरचना डोजर प्रयोग गरी भत्काइएको काठमाडौँ महानगर प्रहरी बलका प्रमुख विष्णुप्रसाद जोशीले जानकारी दिए । उनका अनुसार थापाथली क्षेत्रमा स्थायी संरचना कम भएकाले काम छिटो सम्पन्न भएको थियो भने गैरीगाउँ-सिनामङ्गल क्षेत्रमा पक्की घरको सत्त्या बढी भएकाले भत्काउने काम राति अबेर मात्र सकिएको थियो ।

सरकारको निर्देशनअनुसार संरचना हटाउन नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा काठमाडौँ महानगर प्रहरीको संयुक्त टोलीले शनिबार दिनभरि प्रभावित बासिन्दा र सरसामान सुरक्षित स्थमा सार्न सहयोग गरेको थियो । त्यसपछि मात्र डोजर प्रयोग गरी संरचना हटाउने काम गरिएको थियो । बस्ती हटाइए पनि भत्काइएका संरचना र सामग्री अझै सोही स्थानमै छरिएर रहेकाले आवागमनमा केही कठिनाइ भएको स्थानीयले बताएका छन् । महानगरले ती सामग्री हटाउने तथा क्षेत्र सफा गर्ने कार्य पनि क्रमशः अघि बढाइने जनाएको छ । काठमाडौँ उपत्यका विकास प्राधिकरणका अनुसार राजधानीका विभिन्न अतिक्रमित क्षेत्रमा उल्लेख्य सत्यामा सुकुमवासी परिवार बसोबास गर्दै आएका थिए । प्राधिकरणको तथ्या□अनुसार थापाथलीमा एक सय ४३, गैरीगाउँमा एक सय ६२, गोठाटारमा ७७, शान्तिनगरमा चार सय ७६ तथा मनोहरा टोलमा १३ गरी कुल ८७१ परिवार रहेका छन् । सरकारले सार्वजनिक जग्गा संरक्षण तथा नदी किनार क्षेत्रको व्यवस्थापनलाई प्राथमिकतामा राख्दै सहरी सौन्दर्यीकरण, वातावरण संरक्षण तथा दीर्घकालीन सहरी व्यवस्थापनसँग जोडेर अभियान अघि बढाएको हो ।

***विपद्का....***आगलागी नै अगाडि रहेको छ, जसबाट २४ जना घाइते भएका छन् भने सर्पदंशबाट १९ र जनावरको आक्रमणबाट १३ जना घाइते भएका छन् । प्राधिकरणका अनुसार वैशाख ११ गते बिहानदेखि १२ गते बिहानसम्मको २४ घण्टामा मात्रै ३२ वटा विपद्का घटना भएका छन्, जसमा तीन जनाको मृत्यु भएको र सात जना घाइते भएका छन्। बढ्दो विपद्जन्य जोखिमलाई मध्यनजर गर्दै राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण ले नागरिकलाई सतर्कता अपनाउन तथा कुनै पनि घटना भएमा तत्काल सम्बन्धित निकायमा जानकारी गराउन आग्रह गरेको छ । वैशाखको सुरूवातमै देखिएको यस्तो उच्च दरको विपद्ले नेपालमा प्राकृतिक तथा मानवीय जोखिम अझै गम्भीर रहेको संकेत गरेको छ। विज्ञहरूका अनुसार समयमै सतर्कता, पूर्वतयारी र प्रभावकारी व्यवस्थापनमार्फत मात्र यस्ता घटनाबाट हुने जनधनको क्षति न्यूनीकरण गर्न सकिन्छ ।

***ठगिँदै...*** भएका छन् भने करिब ६ सय कृषक तथा प्राविधिकलाई तालिम प्रदान गरिएको छ । यसैबीच कोशी प्रदेशसभा अर्थसमितिले झुम्कास्थित कार्यालयहरूको अनुगमन गर्दै जनशक्ति र लगानी अभिवृद्धिको आवश्यकता औंल्याएको छ । समग्रमा, तथ्याङ्कले कोशी प्रदेशको कृषि प्रणालीमा एकातिर माटोको स्वास्थ्य खस्किँदै गएको र अर्कोतर्फ नक्कली मल, गुणस्तरहीन बीउ तथा कमजोर अनुगमनका कारण किसान थप संकटमा पर्दै गएको स्पष्ट देखाएको छ ।

***झापामा.....*** प्रणालीको प्रयोगमार्फत सदस्यता व्यवस्थापनलाई आधुनिक बनाउने विषयमा जोड दिइयो । उक्त क्षेत्रमा वैशाख १७ गतेदेखि सदस्यता अद्यावधिक सुरु हुने बताइएको छ ।

क्षेत्र नं-४ मा सम्पन्न कार्यक्रममा केन्द्रीय प्रतिनिधि बसन्त भट्टराईको उपस्थितिमा प्राविधिक तालिमपछि १७ गतेदेखि क्रियाशील सदस्यता नवीकरण सुरु गर्ने तयारी गरिएको जानकारी दिइयो ।

कार्यक्रममा नेताहरूले जरा अभियानलाई पार्टी सुदृढीकरणसँगै लोकतन्त्र, संघीयता र राष्ट्र निर्माणलाई बलियो बनाउने आधारका रूपमा व्याख्या गरेका छन् । उनीहरूले प्रविधिमैत्री प्रणालीले सदस्यता व्यवस्थापनमा पारदर्शिता र जवाफदेहिता बढाउने विश्वास व्यक्त गरे ।

यसैबीच नेपाली कांग्रेसले १५ औं महाधिवेशनको कार्यतालिका सार्वजनिक गरिसकेको छ । सोअनुसार भाद्रदेखि असोजसम्म वडा तहदेखि केन्द्रीय महाधिवेशन सम्मका विभिन्न अधिवेशनहरू सम्पन्न गरिनेछन् । जरा अभियानलाई यही महाधिवेशनको पूर्वतयारीका रूपमा लिइएको छ ।

## ट्रम्प लक्षित गोली प्रहार गर्ने व्यक्ति पक्राउ

एजेन्सी । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पत्रकारहरुसमेतका लागि आयोजना गरेको डिनर कार्यक्रममा गोली चलाउने व्यक्तिको पहिचान भएको छ। घटनालगत्तै पक्राउ परेका युवक ३१ वर्षीय कोल एलेनको रुपमा पहिचान भएको प्रहरीले जनाएको छ।

वाशिङ्टन हिल्टन होटलमा आयोजित कार्यक्रममा एक्कासी गोली चलेपछि राष्ट्रपति ट्रम्प, उनकी पत्नी मेलानिया, उपराष्ट्रपति जेडी भान्स लगायतलाई सुरक्षाकर्मीहरुले उद्धार गरेर सुरक्षित स्थानमा लगेका थिए ।

घटनालगत्तै सुरक्षाकर्मीहरुले संदिग्ध व्यक्तिलाई नियन्त्रणमा लिएका थिए । कोल एलेन नामका ती व्यक्ति क्यालिफोर्नियाका कम्प्युटर इन्जिनियर समेत रहेको प्रहरीले जनाएको छ।

फक्स न्युज अनलाइनका अनुसार एलेनले पहिले फर्स्ट-पर्सन सुटर गेम डिजाइन गर्ने काम गर्थे, तर अहिले उनी आफैं गोली चलाएको आरोपमा पक्राउ परेका छन्।

लिङ्कडइन प्रोफाइल तथा अनलाइन अभिलेखअनुसार एलेनको जीवन र करियर कम्प्युटर वैज्ञानिक, इन्जिनियर तथा स्वतन्त्र गेम डेभलपरका रूपमा सफल देखिन्छ। उनले 'फर्स्ट ल' नामक सुटर रोल-प्लेइङ गेमसमेत निर्माण गरेका थिए ।

***महिनामा...***मुलुक रोमानियामा पनि ४ हजार ४३८ जना नेपाली पुगेका छन् । जनशक्तिको वर्गीकरणलाई हेर्दा ४२ हजार २१ जना दक्ष कामदार विदेशिएका छन् भने १३ हजार ३६६ जना अदक्ष र ६ हजार १०९ जना अर्ध-दक्ष जनशक्ति बाहिरिएका छन् । व्यावसायिक र उच्च दक्ष जनशक्ति भने केही सयको संख्यामा मात्र बाहिरिएको विभागको तथ्याङ्क छ। देशभरमा सबैभन्दा धेरै युवा बाहिरिने जिल्लामा धनुषा अग्रस्थानमा छ, जहाँबाट ३ हजार ८२९ जना युवाले वैदेशिक रोजगारीको बाटो रोजेका छन् । कोशी प्रदेशको अवस्थालाई हेर्दा यहाँका १४ जिल्लाबाट मात्रै एक महिनामा ११ हजार ७०८ जना युवा वैदेशिक रोजगारीमा गएका छन् । प्रदेशको राजधानी समेत रहेको मोरङ जिल्लाबाट २ हजार २१२ जना बाहिरिँदा झापाबाट सबैभन्दा धेरै २ हजार ५३३ जना विदेशिएका छन् । त्यसैगरी सुनसरीबाट १ हजार ७४८, उदयपुरबाट ८८४ र इलामबाट ६१९ जना युवा बाहिरिएका छन् ।

## चट्याङ लागेर दुई महिला घाइते

उर्लाबारी । चट्याङ लागेर मोरङको पथरी र धनपालथानमा आइतबार बिहान दुई जना महिला घाइते भएकी छन् ।

तीमध्ये एक जनाको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ । मोरङ प्रहरीका अनुसार आइतबार बिहान करिब पौने ८ बजे मोरङको पथरीशनिश्चरे नगरपालिका-२, कालापानी बस्ने ४६ वर्षीया जानुका रेग्मी घाइते भएकी थिईन् ।

आफ्नै भान्सा घर अगाडि उभिएको बेला उनलाई चट्याङ लागेको थियो । उनको दाहिने खुट्टामा चोट लागेको छ । उनलाई तत्काल मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर मङ्गलबारेमा उपचारका लागि पुऱ्याइएको छ ।अस्पतालका अनुसार उनको अवस्था सामान्य रहेको छ ।

***ठेक्का...***ई-जीपी प्रणालीमा अनधिकृत पहुँच पुऱ्याई ठेक्कासम्बन्धी विवरण परिवर्तन गर्ने, आर्थिक प्रस्ताव खोलिनुअघि नै कागजातमा हस्तक्षेप गर्ने जस्ता गतिविधि भएको पाइएको थियो । उक्त उजुरीका आधारमा अनुसन्धान अघि बढाउँदै जाँदा थप व्यक्तिको संलग्नता पुष्टि भएपछि काठमाडौं जिल्ला अदालतबाट पक्राउ अनुमति लिई उनीहरूलाई नियन्त्रणमा लिइएको सीआईबीले जनाएको छ ।

## अतिक्रमण हटाउने सूचनापछि इटहरीमा छलफल

**इटहरी**/ सुनसरी-मोरङ सिँचाइ आयोजनाको नहर क्षेत्रभित्रका अतिक्रमित घरटहरा हटाउन जारी गरिएको ३५ दिने सूचनापछि इटहरीको खनार चोकमा विशेष छलफल भएको छ ।

आइतबार बुढासुब्बा होटल परिसरमा आयोजित छलफलमा प्रतिनिधिसभा सदस्य अशोक कुमार चौधरी, प्रदेशसभा सदस्य रोहित बहादुर कार्की, वरिष्ठ अधिवक्ता सुमन कार्की, समाजसेवी दुर्गा पोखेल, बलराम चौधरी, इश्वर तामाङ, प्रेम चौधरी, राजन चौधरीलगायत स्थानीय सरोकारवालाहरूको उपस्थिति रहेको थियो ।

छलफलमा सहभागीहरूले नहरको मापदण्डअनुसार खनारको मुख्य सडक पूर्वतर्फ ३०० मिटर र पश्चिमतर्फ ३०० मिटर क्षेत्र बाहेक अन्य भूभाग नहर क्षेत्रभित्र पर्ने भन्दै अतिक्रमणसम्बन्धी पुराना अभिलेख र कानुनी स्थिति पुनः स्पष्ट गर्नुपर्ने धारणा राखेका थिए ।

२०३७ सालको आधिकारिक लिखत तथा नापी कार्यालय सुनसरीको ट्रेस नक्सामा समेत केही क्षेत्रको लगत कट्टा नभएको र सोही आधारमा कर तिर्दै, किनबेच हुँदै आएको अवस्थामा हाल जारी सूचनाले स्थानीयवासीमा अन्योल र त्रास सिर्जना गरेको छलफलमा सहभागीहरूले बताएका छन् ।

स्थानीयहरूले संघीय र प्रदेश सरकारका जनप्रतिनिधि तथा कानुनी विज्ञलाई वास्तविक अवस्था बुझी कानुनसम्मत समाधान खोज्न र सम्भावित अन्योल तथा जोखिमलाई समयमै न्यूनिकरण गर्न आग्रह गरेका छन् ।

छलफलका क्रममा प्रदेशसभा सदस्य रोहित बहादुर कार्कीले प्रतिनिधिसभा सदस्य अशोक कुमार चौधरीलाई खादा ओढाएर सम्मान पनि गरेका थिए । सरोकारवालाहरूले नहर अतिक्रमणसम्बन्धी विषयलाई विवाद होइन, कानुनी स्पष्टता र समन्वयमार्फत समाधान गर्नुपर्नेमा जोड दिएका छन् ।


अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागिः
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२



ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक : देवीप्रसाद सिटौला (९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोडः राजकुमार श्रेष्ठ ९८०६०१०४१०


## जिल्ला प्रशासन कार्यालय झापाद्वारा प्रमाणित पारिवारिक विवरण सहित एकै व्यक्तिको नाम,थर, जन्म मिति अलग देखिएतापनि अलग व्यक्ति नभई एउटै व्यक्ति भएको सिफारिस

झापा जिल्ला दमक नगरपालिका वडा नं. ३ बस्ने भारतीय आर्मी नं. JC 634371L Rank Nb/Sub युनिट ७/११ GR बाट ई.सं. २००४/०९/२१ मा अवकास भई पेन्सन प्राप्त गर्दै आएका नेपाली नागरिकताको प्रमाणपत्र नं. १०९४/१०१९ का शेर बहादुर योङ्गहाङ्ग, जन्ममिति २०१६/०२/०५ (ई.सं. १९५९/०५/१९) को भारतीय सेना (पेन्सन पट्टा) को पारिवारिक विवरणमा नामथर शेर बहादुर लिम्बु, जन्म मिति ई.सं. १९५९-१२-१२ उल्लेख भएको हुँदा उक्त दुवै नाम थर एवं जन्ममिति भएको व्यक्ति एकै भएको साथै निज र निजको परिवारको नाम थर, जन्ममिति एवं निजको परिवारका सदस्यहरूको नेपाली नागरिकताको प्रमाण पत्रमा नाम थर, जन्ममिति देहाय बमोजिम फरक परेको हुँदा उक्त फरक-फरक विवरण भएको व्यक्ति एकै भएको व्यहोरा दमक नगरपालिका ३ नं. वडा कार्यालय, झापाको च.नं. २४२६, मिति २०८३/०१/०८ गतेको सिफारिस पत्र र इलाका प्रहरी कार्यालय, दमक, झापाको च.नं. ५४४, मिति २०८२/१२/२७ गतेको पत्रसाथ प्राप्त सर्जमिन मुचुल्का एवं प्राप्त निवेदनलगायतका कागजातहरूका आधारमा सिफारिस गरिएको छ ।

**देहाय**

| सि.नं. | नेपाली नागरिकताको प्रमाणपत्रमा भएको | | भारतीय सेना (पेन्सन पट्टा) को पारिवारिक विवरणमा भएको | |
|---|---|---|---|---|
| | नाम, थर | जन्ममिति | नाम, थर | जन्ममिति |
| १. | शेर बहादुर योङ्गहाङ्ग | २०१६/०२/०५ ई.सं. १९५९-०५-१९ | शेर बहादुर लिम्बु | ई.सं. १९५९-१२-१२ |
| २. | रामकुमारी योङ्गहाङ्ग लिम्बु | २०१७/०४/२३ ई.सं. १९६०-०८-०७ | राम कुमारी लिम्बु | ई.सं. १९६०-०८-०७ |
| ३. | कुशल कुमार योङ्गहाङ्ग | २०४३/०३/०६ ई.सं. १९८६-०६-२० | कुशल कुमार लिम्बु | ई.सं. १९८६-०५-१० |
| ४. | कमल योङ्गहाङ्ग | २०४५/०८/१५ ई.सं. १९८८-११-३० | राम कुमार लिम्बु | ई.सं. १९८८-११-१५ |
| ५. | किशोर योङ्गहाङ्ग | २०४५/०८/०५ ई.सं. १९८८-११-२० | लक्ष्मण लिम्बु | ई.सं. १९८८-११-१५ |
| ६. | ललित योङ्गहाङ्ग | २०५२/०७/११ ई.सं. १९९५-१०-१८ | ललित लिम्बु | |

### पारिवारिक विवरण

झापा जिल्ला दमक नगरपालिका वडा नं. ३ बस्ने भारतीय आर्मी नं. JC 634371L Rank Nb/Sub युनिट ७/११ GR बाट ई.सं. २००४/०९/२१ मा अवकास भई पेन्सन प्राप्त गर्दै आएका शेर बहादुर योङ्गहाङ्गको माग निवेदन अनुसार निजको पारिवारिक विवरण देहाय बमोजिम रहेको व्यहोरा दमक नगरपालिका ३ नं. वडा कार्यालय, झापाको च.नं. २३७३, मिति २०८३।०१।०३ को पत्र एवम् इलाका प्रशासन कार्यालय, दमक, झापाको च.नं. ७७४, मिति २०८३/०१/०९ गतेको पत्रसाथ प्राप्त सर्जमिन मुचुल्का समेतका आधारमा सिफारिस गरिएको छ ।

| सि.नं. | नाम,थर | नाता | जन्ममिति | विवाह मिति | मृत्यु मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | शेर बहादुर योङ्गहाङ्ग | मुली (निवेदक) | २०१६/०२/०५ | २०३९/१०/१७ | जीवित | अपाङ्गता नभएको |
| २. | रामकुमारी योङ्गहाङ्ग लिम्बु | श्रीमती | २०१७/०४/२३ | २०३९/१०/१७ | जीवित | अपाङ्गता नभएको |
| ३. | कुशल कुमार योङ्गहाङ्ग | छोरा | २०४३/०३/०६ | २०६५/१०/०६ | जीवित | अपाङ्गता नभएको |
| ४. | कमल योङ्गहाङ्ग | छोरा | २०४५/०८/१५ | २०७८/११/०७ | जीवित | अपाङ्गता नभएको |
| ५. | किशोर योङ्गहाङ्ग | छोरा | २०४५/०८/०५ | २०७०/११/१५ | जीवित | अपाङ्गता नभएको साथै (मिति २०७३/०५/१३ मा श्रीमती सबिना पोडहाङसँग सम्बन्ध विच्छेद भएको । ) |
| ६. | ललित योङ्गहाङ्ग | छोरा | २०५२/०७/११ | अविवाहित | जीवित | अपाङ्गता नभएको |





दमक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, दमक-झापाको

बालबालिकाहरूको स्वास्थ्य जाँचका लागि सूचना

- ५ वर्ष मुनिका बालबालिकाहरुको पोषण लेखा-जोखा कार्यक्रम वैशाख १५ गतेबाट शुरु हुँदैछ ।
- वडामा रहेका स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयम् सेविकामार्फत् जानकारी लिई पायक पर्ने स्थानमा आफ्ना बालबालिकाको तौल तथा उचाई जाँचमार्फत् कुपोषित रहे/नरहेको समयमै पत्ता लगाई सोको व्यवस्थापन गर्न हुन सम्पूर्ण नगरबासीमा सूचित गरिन्छ ।



सम्पदा जोगाऔं, पहिचान बचाऔं

- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं ।
- सम्पदा क्षेत्रमा फोहोर नगरौं ।
- पुरातात्विक तथा धार्मिक स्थलहरुमा तोडफोड वा क्षति नपुऱ्याऔं ।
- स्थानीय संस्कृति, परम्परा र मूल्य-मान्यताको सम्मान गरौं ।
- सम्पदा क्षेत्रको संरक्षण सम्बन्धी नियम तथा निर्देशनहरुको पालना गरौं ।
- पर्यटक तथा आगन्तुकहरुलाई सम्पदाको महत्व बारे जानकारी गराऔं ।
- अनधिकृत निर्माण तथा अतिक्रमणबाट सम्पदालाई जोगाऔं ।
- पुराना सम्पदाहरुको मर्मत-सम्भार र संरक्षणमा समुदायको सक्रियता बढाऔं ।

सम्पदा जोगाउनु हाम्रो कर्तव्य हो ।

नेपाल सरकार विज्ञापन बोर्ड


प्रधान सम्पादक/प्रकाशकः गज्जबहादुर दाहाल, कार्यालयः दमक-५, झापा, फोनः ०२३-५७०२७२. प्रबन्धकः सुवासचन्द्र भट्टराई, मुद्रणः ज्योति अफसेट प्रेस, कार्यकारी सम्पादकः खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com ले-आउटः सुरेन बस्नेत सल्लाहकार : पंकज दाहाल